# माध्यमिक तहमा वितरित छात्रवृति कार्यक्रमको अवस्था

स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको शैक्षिक योजना तथा
व्यवस्थापन (EPM) विषयको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत

शोधपत्र

प्रस्तुतकर्ता
लक्ष्मीप्रसाद गौतम
क्या.रोल नं. ३७२
परीक्षा रोल नं. २१४००८६ /२०६५
त्रि.वि.द.नं. ६१९२५-८८
शैक्षिक वर्ष ०६३/०६४

सुकुना बहुमुखी क्याम्पस
शैक्षिक योजना तथा व्यवस्थापन विभाग
इन्द्रपुर, मोरङ

२०६९ चैत्र

# कृतज्ञता ज्ञापन

**माध्यमिक तहमा वितरीत छात्रबृति कार्यक्रमको अवस्था** विषयमा यो शोध पत्र स्नातकोत्तर तह (एम.एड.) द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक अवश्यकता परिपूर्तिका लागि तयार गरिएको हो । यो शोध पत्र तयारीका क्रममा विभिन्न विद्वानहरुबाट आवश्यक सहयोग प्राप्त भएको छ ।

यो शोध पत्र लेखनकार्यमा प्रारम्भ देखि अन्त्य सम्म आफ्नो अमूल्य सुझाव, सल्लाह र उचित निर्देशन दिनुहुने मेरा गुरु शि. श्री अशोक बस्नेतज्यू प्रति कृतज्ञता व्यक्त गर्दछु साथै सुकुना बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागिय प्रमुख श्री लक्ष्मीकुमार श्रेष्ठ, क्याम्पस प्रमुख, उप प्रमुख तथा आदरणीय गुरुहरु साथै अनुसन्धान कार्यमा तथ्याङ्क उपलब्ध गराई दिनुहुने प्र.अ. शिक्षकहरु, अनुसन्धानमा सहभागी विद्यार्थी र तिनका अभिभावकहरु सवै जना कृतज्ञताको पात्रहरु हुनुहुन्छ ।

पुज्यनीय पिता छत्रमणी गौतम र माता चुनामाया गौतम जसले मलाई हरहमेसा सुमार्गमा लाग्न र शिक्षा आर्जन गर्न प्रेरणा र आर्शिवाद प्रदान गर्नु भयो । वहाँहरू प्रति अभार प्रकट गर्दछु । यसरी नै विविध कार्यहरूमा हरपल सहयोग गर्ने जीवन संगिनी देवीका गौतम लगायत छोरीहरू युनीसा र जेनीसा गौतम प्रति कृतज्ञताज्ञापन गर्दछु ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन डिजिटल फोटो स्टुडियो तथा कम्युनिकेशन सेन्टर, सुकुना मोरङका प्रोपोराइटर भाइ धर्मेन्द्र दुलाललाई पनि धन्यवाद दिन चाहान्छु ।

मंगलवारे - ९, इलाम, **लक्ष्मी प्रसाद गौतम**

२०६८ चैत्र

# शोध सार

**माध्यमिक तहमा वितरित छात्रवृति कार्यक्रमको अवस्था** शिर्षकमा यो शोध पत्र तयार पारिएको छ । यस अध्ययनका उद्देश्यहरुमा माध्यमिक तहमा वितरीत छात्र छात्रबृतिको वर्तमान अवस्था लेखाजोखा गर्ने, छात्रा छात्रबृति कार्यक्रमले शैक्षिक उपलब्धीमा पारेको प्रभाव लेखाजोखा गर्ने छात्रबृति कार्यक्रमका समस्याहरु पहिचान गर्ने र समस्या समाधानका लागि उपायहरु सुझाउने रहेको छन् ।

यो शोध अध्ययन परिमाणात्मक र गुणात्मक ढाँचामा केन्द्रीत रहको छ । यस अध्ययनमा प्रश्नावली, अर्न्तवार्ता सूची, छलफल, अवलोकन जस्ता तथ्याङ्क संकलनका श्रोतहरु प्रायोग गरिएको छ साथै विद्यालयका शैक्षिक तथ्याङ्क, कार्यक्रम कार्यान्वयन निर्देशिका, लेख रचना, पुस्तक तथा प्रतिवेदन आदिबाट तथ्याङ्कक संकलन गरिएको छ । त्यस अध्ययनका उत्तरदाताहरु शिक्षक ८ जना, प्रधानाध्यापक ४ जना., विद्यार्थी १६ जना, अभिभावक १६ जना, श्रोतव्यक्ति २ जना र विद्यालय व्यवस्थापन समिति अध्यक्षहरु ४ जना रहेका छन् । संकलन गरिएका तथ्याङ्कलाई उद्देश्यका आधारमा वर्गिकरण गरि विभिन्न तालिका, ग्राफ, चार्ट, प्रतिशत आदिका आधारमा व्याख्या एवं विश्लेषण गरिएको छ । माध्यमिक तहमा छात्रा छात्रबृति वितरण कार्यक्रमको अवस्थासँग सम्बन्धीत छात्रा छनौटका आधार, छात्राबृति वितरणको परम्परा, पारदर्शिता, सदुपयोगको स्थिती, छात्रवृत्ति वितरणका समस्या र समाधानका उपायहरुको पक्ष जस्ता शीर्षकहरु प्रति सम्बद्ध सरोकारवालाहरुबाट प्राप्त प्रतिकृयालाई तालिकाकरण गरि सो कार्यलाई बढी यथार्थ र बस्तुपरक बनाइएको छ ।

तथ्याङ्कको व्याख्या विश्लेषणबाट यस छात्रबृति कार्यक्रमले छात्राहरुको भर्नादर बढाउने, नियमितता बढाउने, सिकाई उपलब्धीमा सुधार ल्याउने, कक्षोत्तिर्ण अवस्थामा वृद्धि ल्याउने, छात्रबृति उपयोग गरिएका क्षेत्रहरुमा सुधार ल्याउन यथेष्ट प्रभाव पारेको पाइयो । अनुशन्धानको क्रममा छनौट गरिएका विद्यालयका छात्रबृति प्राप्त गर्ने विद्यार्थीहरुको कक्षागत सिकाई उपलब्धी बढी देखियो । छात्रा नियमिततामा छात्रबृति प्राप्त नगर्ने छात्रा भन्दा छात्रबृति प्राप्त गर्ने छात्राहरुमा बढी देखिएको छ । प्राप्त छात्रबृति उपयोग गरिएका क्षेत्रहरुमा कापी, कलम, ट्युसन, खाजा, पोसाक र घरायसी क्षेत्रमा खर्च गर्ने गरेको पाइयो । छात्रबृति रकम पर्याप्त नभएको धारणाहरु पाइयो । छात्रबृति वितरण गर्दा विद्यालयहरुले निश्चित आधार तयार पारी वितरण प्रकृया अपनाइएको देखिन्छ । अध्ययनबाट प्राप्त जानकारीमा छात्रा र छात्रहरु दुवैको सिकाई उपलब्धीमा प्रभाव पार्ने तत्वहरुमा चरम

गरिवी, अशिक्षा, विद्यालयमा हुने राजनैतिक हस्तक्षेप, नियमित अनुपस्थिती, व्यवसाय आदि हेका छन् ।

माध्यमिक तहमा छात्रबृति दलित बाहेकका छात्रहरुले नपाउने देखिएकोले छात्राहरुमात्र होइन छात्रहरुलाई पनि समावेश गरिनु पर्दछ । छात्रबृति प्राप्त गर्ने विद्यार्थीहरुको कम्तीमा पनि ८०% विद्यालय खुलेको दिनको हाजिरी हुनुपर्ने, छात्रबृति वितरण गर्दा वास्तविक रुपमा गरिब, असहाय, जेहेन्दार, लगनशिल विद्यार्थीहरुको पहिचान गरि अभिभावक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लगायत सम्पूर्ण सरोकारवाला पक्षको सहमतीमा र उपस्थितिमा वितरण गरिनु  पर्छ । छात्रबृति कुन कुन शिर्षकमा कति कति रकममा प्राप्त भएको सो को जानकारी विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकलाई दिइनु पर्दछ । छात्रबृति वितरण जात, लिङ्गका आधारमा मात्र नभई जेहेन्दार, गरिव, अध्ययनशिल, अनुशासित छात्रहरुलाई पनि उपलब्ध गराउनु पर्दछ । छात्रवृत्ति शैक्षिक वर्षको सुरुमा नै वितरण गरिनु पर्दछ साथै छात्रवृत्तिको रकम नगद र जिन्सीको रुपमा वितरण गरिनु राम्रो हुने देखिन्छ ।

# विषय सूचि


| | |
|---|---|
| | पृष्ठ |
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोधसार | घ |
| तालिका सुची | ज |

परिच्छेद - एक परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्टभुमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्य | ६ |
| १.५ अनुसधानात्मक प्रश्नहरु | ६ |
| १.६ अध्ययनका परिसिमा | ६ |
| १.७ सम्बन्धीत शब्दावलीको परिभाषा | ७ |

परिच्छेद - दुई सम्बन्धीत साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

| | |
|---|---|
| २.१ सम्बन्धीत साहित्यको पुनरावलोकन | ८ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३. पुनरावलोकनको उपादेयता | ११४ |

परिच्छेद तीन अध्ययन विधि

| | |
|---|---|
| ३.१ अनुसन्धानको ढाँचा | १५ |
| ३.२ जनसंख्या | १५ |
| ३.३. नमुनाको आकार | १५ |
| ३.४ नमुना छनौट विधि | १६ |
| ३.५ नमुना छनौटको आधार | १६ |
| ३.६ अनुशन्धानका साधानहरु | १६ |

३.७ तथ्याङका स्रोतहरु १८
३.८ तथ्याङक संकलन प्रकृया १८
३.९ तथ्याङक विश्लेषण प्रकृया १९

## परिचच्छेद चार तथ्याङ्कको प्रस्तुति र विश्लेषण

४.१ माध्यमिक शिक्षामा छात्रा सहभागीताको वर्तमान स्थिती २०
४.१.१ छात्रा सहभागीताको वर्तमान स्थिती २०
४.१.२ छात्रा छात्रबृति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण २१
४.१.३ छात्रा छात्रबृति कार्यक्रमको कार्यान्वयन अवस्था २२
४.१.४ लक्षीत छात्रा छनौटका आधारहरु २२
४.१.५ लक्षीत छात्रा छनौट गर्ने तरिकाहरु २३
४.१.६ छात्रा छात्रबृति वितरणका रूप २४
४.१.७ छात्रबृति वितरण परम्परा २५
४.१.८ छात्रबृति वितरण निर्देशिका सम्बन्धी धारणा २७
४.१.९ छात्रबृति कार्यक्रम कार्यान्वयनमा जि.शि.का.को भुमिका २७
४.१.१० छात्रा छात्रबृति कार्यक्रमको आलोचना २८
४.१.११ छात्रा छात्रबृति वितरण प्रतिको सकारात्मक धारणा २९
४.१.१२ छात्रबृति रकमको पारदर्शिता र छात्रबृति कोटा ३०
४.२ छात्रा छात्रबृति वितरण कार्यक्रमको प्रभाव ३२
४.२.१ विद्यार्थी नियमितता ३३
४.२.२ छात्रा छात्रबृति रकमको प्रयोग ३५
४.२.३ छात्रा छात्रबृति रकमको पर्याप्तता ३७
४.२.४ छात्राहरुको कक्षोत्तिर्ण अवस्था ३८
४.२.५ छात्रा छात्रबृति प्राप्त गरेका र नगरेका विद्याथीहरुको सिकाई उपलब्धी ४०
४.२.६ छात्रा छात्रबृति वितरण कार्यक्रमले विद्यार्थीहरुमा देखा परेको परिवतर्न ४१
४.३ छात्रा छात्रबृति वितरण कार्यक्रमका समस्याहरु ४४

४.४ छात्रा छात्रबृति वितरण कार्यक्रममा देखिएका
समस्या  समाधानका उपायहरु ४५

परिच्छेद पाँच प्राप्ती, निष्कर्ष र सुझाव

५.१ प्राप्ती ४६
५.२ निष्कर्ष ४७
५.३ सुझावहरु ४८
सन्दर्भ सामाग्री
अनुसुचिहरु

# तालिका सूची

पृष्ठ संख्या

१ विद्यालयको विद्यार्थी विवरण २०६८ २०

२ माध्यमिक तहमा छात्रा छात्रवृति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण २१

३ लक्षित छात्रा छनौटका आधारहरु २३

४ छात्रा छात्रवृति वितरणका लागि विद्यालयले अपनाएका आधारहरु २४

५ छात्रवृति वितरण परम्परा २६

६ छात्रा छात्रावृति वितरण प्रतिको सकारात्मक धारणा २९

७ छात्रा छात्रवृति कोटा र रकमको पारदर्शिता ३१

८. छात्रा नियमितताको अवस्था ३४

९ छात्रवृति रकम उपयोग गरिएका क्षेत्रहरु ३६

१० छात्रवृति रकमको पर्याप्तता/ अपर्याप्तता ३७

११ छात्राहरुको कक्षोत्तीर्ण अवस्था (कक्षा ९ र १०) ३९

११ छात्राछात्रवृति प्राप्त गरेका र नगरेका विद्यार्थीहरुको औषत सिकाइ उपलब्धी ४०

१२ छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुमा देखापरेका परिवर्तनहरु ४२

१३ छात्रा छात्रवृत्ति कार्यक्रमका समस्याहरु ४४

१४ छात्रा छात्रवृत्ति वितरण कार्यक्रममा देखिएका समस्या समाधानका उपायहरु ४५